नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :......................

# प्रेस विज्ञप्ति

नेपालको संविधानको धारा २८८ को उपधारा (२) मा प्रदेशको राजधानी सम्बन्धित प्रदेश सभाबाट निर्णय भए बमोजिम हुने व्यवस्था रहेको छ । यसरी प्रदेश सभाको बैठक बसी प्रदेशको राजधानी नतोके सम्मका लागि प्रदेशको कार्य संचालन प्रारम्भ गर्न नेपाल सरकारबाट स्थान तोक्नुपर्ने संवैधानिक बाध्यात्मक व्यवस्था रहेको छ । प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न भईसकेको अवस्थामा प्रदेश सभाका सदस्यहरुलाई सपथ ग्रहण गराउने लगायतका प्रदेशको कार्य संचालन सम्बन्धी अति जरुरी कार्यहरु तत्काल प्रारम्भ गर्नुपर्ने भएकाले सरकारले प्रदेशको कार्य संचालनका लागि अस्थायी रुपमा स्थान तोक्न आवश्यक तयारी गरिरहेको व्यहोरा सर्वसाधारणलाई जानकारी गराईन्छ।

साथै प्रदेशको राजधानी तोक्ने कार्य प्रदेश सभावाटै निर्णय गरिनुपर्ने संवैधानिक व्यवस्था वमोजिम प्रदेश सभाले नै तोक्ने व्यहोरा समेत सम्बन्धित सवैलाई जानकारी गराईन्छ ।

२०७४ पौष २४ गते

..................................

डिल्लीराम शर्मा

प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np